आज मिति २०७७/०७/२१ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६० औ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी..........................नगर प्रमुख
श्री कमला बस्नेत .......................नगर उप प्रमुख
श्री मान बहादुर खड्का......................प्रमुख प्रसासकिय अधिकृत
श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ..........................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,
श्री गौरी थामी ......................... कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ ....................... कार्यपालिका सदस्य,
श्री किरण वली..................... . कार्यपालिका सदस्य,
श्री रामचन्द्र पौडेल ........................उपसचिव (शिक्षा) आमन्त्रित
श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत बैठक ब्यबस्थापक

मिति: २०७७/०७ /२१ गते
समय: बिहान ११ :३० बजे
स्थान : महांकाल सदन

कार्यपालिकाको ६० औ बैठकका निर्णयहरु

**निर्णय नं.१:-** यस नगरपालिका क्षेत्रभित्र तयार नेपालको आर्थिक तथा पराविधिक सहयोगमा ग्रामिण विकास टुकी संघले बिपत जोखिम ब्यबस्थापन अन्तर्गत संचालन गर्ने Cash For Work को तथा सशर्त अनुदान (Conditional Grant) लाभग्राही छनौट सम्बंधामा छलफल गर्दा देहायका कार्यक्रम संचालन गर्न २०७७/०७/२३ गते भित्र वडा कार्यालयको सिफारिस सहित लाभग्राहीरुको नामावली कार्यालयमा उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम (Cash For Work) | वडा नं. | नगद अनुदान लाभग्राही संख्या | नगद अनुदान प्रति व्यक्ति |
|---|---|---|---|---|
| १ | कम्पाउण्ड वाल निर्माण कार्य, सुस्पा | १ | २५ | रु ३०,०००/- |
| २ | राम्पा – डोक्थालीसडक मर्मत कार्य | २ | १६ | रु ३०,०००/- |
| ३ | थापा गाउँ – राउत गाउँ –नारायण देउ गोरेटोबातो मर्मत कार्य | ३ | १४ | रु ३०,०००/- |
| ४ | कार्की गाउँ – भिताघर गोरेटोबाटो मार्मत कार्य | ४ | १४ | रु ३०,०००/- |
| ५ | किरातिछाप –त्रिवेणीघट गोरेटो बाटो मर्मत कार्य | ५ | १६ | रु ३०,०००/- |
| ६ | रामजानकी मार्ग मार्मत कार्य | ६ | १४ | रु ३०,०००/- |
| ७ | बाहुनी खोला – दामुना सडक खण्ड मर्मत कार्य | ७ | १६ | रु ३०,०००/- |
| ८ | लप्से –बेसिघर सडक मार्मत कार्य | ८ | १६ | रु ३०,०००/- |
| ९ | झाक्रिचौर –जसुमन्ते सडक मार्मत | ९ | २६ | रु ३०,०००/- |

**निर्णय नं.२ :-** भीमेश्वोर नगरपालिकाको कार्यालयद्वारा मिति २०७७/०५/१२ गते गठीत रोजगार संयोजक, प्राबिधिक सहायक र स्वास्थ्य सेवाका रिक्त पदमा तथा मिति २०७७/०६/२७ मा चरिकोट अस्पातालमा रिक्त पदमा पदपूर्ति गर्न गठित जनशक्ति छनौट तथा सिफारिस समितिले बिभिन्न मितिमा लिएको परीक्षामा सफल जनशक्तिलाई करार गर्न मिति २०७७/०७/१४ मा नगरप्रमुख स्तरीय निर्णयबाट सेवा करार गरिएकोमा उक्त सेवा करारलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :-**नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत चालुआर्थिक वर्षमा गरिवी निवारणका लागि लघु उद्दम विकास कार्यक्रम संचालन गर्न सशर्त अनुदानका रुपमा बजेट प्राप्त भएको र "गरिवी निवारणका लागि लघु उद्धम विकास कार्यक्रम संचालन निर्देशिका , २०७७ जारी भएको छ ।निर्देशिका बम्मोजिम उद्दम विकास सहज कर्ता (EDF)

को सेवा करार गर्न सात दिनको सार्वजनिक सूचना गरी प्रतिस्प्रधात्मक विधिबाट कार्यक्रम संयोजकको समेत कामकाज गर्न सक्ने सीपयुक्त जनशक्ति छनौट गरी कार्यालयको सामाजिक विकास शाखा मार्फत कार्यक्रम संचालन गर्न कार्य अगाडी बढाउँन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४**:-यस नगरपालिकामा रहेका तपशिलका जिर्ण सवारीसाधनहरु (जिन्सि सामान) मार्मत सम्भार गरी संचालन गर्न नसक्ने अवस्था भएकोले निम्नानुसारको न्युनातम रकम तोकी बढाबढमा लिलाम बिक्री गर्न प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

**तपशिल**

| क्र.स. | सवारी साधान | सवारी साधान नं. | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | ट्याफे लि.ट्राक्टर १ र टेलर २ | ना. १ त.७०७३ | ५०,०००/- | मर्मत हुन नसक्ने |
| २ | Hondai Compacked Van | बा.१ ख. ५४४४ | १,००,०००/- | मर्मत सामाग्री नपाईने |
| ३ | Rx मोटरसाइकल | बा.८.प.६१५९ | २,०००/- | मर्मत हुन नसक्ने |
| ४ | Yamaha SZR मोटरसाइकल | बा.५०.प.६२०१ | ५,०००/- | मर्मत हुन नसक्ने |
| ५ | Yamaha SZR मोटरसाइकल | बा.५०.प.६२०१ | ५,०००/- | मर्मत हुन नसक्ने |
| ६ | Discover मोटरसाइकल | बा.२६ प.२१६४ | ५,०००/- | मर्मत हुन नसक्ने |
| ७ | Yamaha RX मोटरसाइकल | बा.१ ब. ६९५६ | ५,०००/- | मर्मत हुन नसक्ने |
| ८ | Hero Honda glyamar मोटरसाइकल | बा.३१प. ६९८३ | १,०००/- | मर्मत हुन नसक्ने |
| ९ | Discover मोटरसाइकल | बा.४९ प.१०२ | ५,०००/- | मर्मत हुन नसक्ने |

**निर्णय नं.५** :- यस नगरपालिकाद्वारा निर्माण गरिएको खोर्थली VewTower संचालन गर्न आवश्यक रहेकोछ । उक्त VewTower संचालनमा आएमा नगरपालिकाको आन्तरिक पर्यटन प्रवर्धनमा समेत टेवा पुग्ने र आन्तरिक आय समेत हुने भएको तथा यस नगरपालिका वडा नं ६ बस्ने गणेश बहादुर कार्कीले उक्त VewTower मा चमेनागृह सहित संचालनमा ल्याउन नगरपालिकाले तोकेको न्यूनतम बार्षिक शुल्क रु ६०,०००/- (साठी हजार) र हरेक बर्ष १० प्रतिशत भाडा वृद्धि गर्ने गरी बढीमा ५ वर्षका लागि भाडामा लिई नगरपालिकाले तोकी दिएको शुल्क उठाउने गरी सम्झौता गरिदिन माग गरेकोले उल्लेखित कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६**:- यस नगरपालिकाको सातौं नगर सभाबाट स्वीकृत संगठन तथा ब्यबस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिमका दरबन्दी संरचना मध्यबाट हाललाई तत्काल आवश्यक रहेका देहाएका दरबन्दीहरु स्थायी पदपूर्ति गर्न प्रदेश लोकसेवा आयोग बागमती प्रदेश, हेटौडा,मकवानापुरमा लेखी पठाउने निर्णय गरियो ।

देहाय

| क्र.स. | पदनाम | स्तर | तह | प्रा. | प्र. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | अधिकृत | सातौ/आठौं | - | १ | १ |
| २ | पशु चिकित्सक | अधिकृत | सातौ/आठौं | १ | - | १ |
| ३ | कृषि विकास अधिकृत | अधिकृत | छैटौ /सातौ | १ | - | १ |
| ४ | कानून अधिकृत | अधिकृत | छैटौ /सातौ | - | १ | १ |
| ५ | राजस्व अधिकृत | अधिकृत | छैटौ/ सातौ | - | १ | १ |
| ६ | सव-इन्जिनियर | सहायक | पाचौ | ३ | - | ३ |
| ७ | वडा सचिव | सहायक | पाचौ | - | १ | १ |
| ८ | वडा सचिव | सहायक | चौथो | - | १ | १ |
| ९ | प्रशासन सहायक | सहायक | पाचौ | - | १ | १ |
| १० | प्रशासन सहायक | सहायक | चौथो | - | १ | १ |
| ११ | कूल जम्मा | - | - | ५ (पांच) | ७ (सात) | १२ (बाह्र) |

**७ बिबिध**

क) यस नगरपालिका वडा नं. १ को कार्यालय सहायकगोपी थामीको मिति २०७७/६/२८ मा असामयिक निधन भएकोले निजको आर्थिक अवस्था समेत नाजुक रहेकोले मृतक गोपी थामीको पत्नी सन्तमाया थामिलाई उक्त रिक्त स्थाना नियूक्ति गर्न वडा १ बाट सिफारिस भई आएकोमा २०७७/०७/१६ गतेबाट लागु हुनेगरी बढीमा ६ महिनाका लागि मासिक पारिश्रमिक रु १३,५००/-(तेह्रहजार पाँचसय) पोशाक र ६ महिना पछि चाडवाड खर्च उपलब्ध गराउने गरी सेवा करारमा लिने निर्णय गरियो ।

ख) यस नगरपालिका वडा नं. ४ सुप्लुन्गामा अवस्थित सेतीदेवी मन्दिर संरक्षणका लागि वडाको सिफारिस सहित अनुरोध भई आएकोमा प्राबिधिक लागत स्टिमेट गरी जनतासंग मेयर कार्यक्रमबाट रु २,००,०००/-(दुईलाख ) उपलब्ध गराउने निर्णय गरियो ।

ग) यस नगरपालिका वडा नं. ८ बोच, बस्ने नर बहादुर लामाको छोरा सान्त कुमार लामाले भीमेश्वोर नगरपालिकाको नाममा रहेको JCB backho लोडर अपरेटरको कामकाज गर्नका लागि पेश गरेको निवेदन सम्बन्धमा मिति २०७७/०७/०१ गतेबाट लागुहुने गरी मासिक पारिश्रमिक रु २६९९०/-(छब्बिस हजार नौसय नब्बे) र ६ महिना ब्यतित भएपछि नियमानुसार चाडपर्व खर्च पाउने गरी ६ महिनाका लागि सेवा करारमा लिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।